# आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य

२०७६ साल असार २७ गते

## डुङ्गेश्वर गाउपालिका

दैलेख

कर्णाली प्रदेश

# आर्थिक वर्ष २०७६/७७

को

## बजेट वक्तव्य

## डुङ्गेश्वर गाउपालिका

दैलेख

कर्णाली प्रदेश

स्थानीय सरकारको बैठकमा मिति २०७६ साल असार २७ गते शुक्रबार गाउपालिकाका उपाध्यक्ष श्री सिता ज्ञवाली ज्यूबाट प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/७७

को

# बजेट वक्तव्य

## डुङ्गेश्वर गाउपालिका

दैलेख

कर्णाली प्रदेश

माननीय सभा अध्यक्ष एवं गाउपालिका अध्यक्ष ज्यू

१) आज यस गरिमामय सभामा म विकास र समृद्धिको व्यग्र प्रतिक्षामा रहेका डुङ्गेश्वर गाउपालिकाको गाउसभाको सदनमा आर्थिक बर्ष २०७५/७६ को अनुमानित आय व्ययको विवरण(बजेट) प्रस्तुत गर्न उपस्थित भएको छु । संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार,प्रदेश सरकार तथा स्थानीय सरकार गठन पश्चात सार्वभौभ डुङ्गेश्वर गाउपालिकाको पांचौ गाउसभामा जनताको प्रतिनिधीमुलक यो गरिमामय सदनमा प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु ।

२) लोकतन्त्र,राष्ट्रियता र नागरिक अधिकार प्राप्तिको लागि भएको प्रदेश देखि स्थानीय तहका विभिन्न जनआन्दोलनमा आफ्नो जीवन बलिदान गर्नु हुने महान सहिदहरु यस प्रदेशको स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने वीर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

३) राजनीतिक,आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नु हुने सबै अग्रजहरु प्रति हार्दिक आभार सम्मान प्रकट गर्न चाहान्छु ।

४) श्रद्धेय अग्रजहरु,विद्धान वर्ग,न्यायप्रेमी जनसमुदायले आफ्नो ठाउबाट योगदान नगरेको भए आज हामी हाम्रो डुङ्गेश्वर गाउपालिकामा यस प्रकारले उपस्थित हुन सक्ने थिएनौं । तसर्थ उहाहरु प्रति हार्दिक नमन गर्दछु ।

५) हामीले डुङ्गेश्वर गाउपालिकाको समृद्धि र डुङ्गेश्वर गाउपालिका बासीको हितको लागि सहमति र सहकार्यको गन्तव्यमा एकाकार हुने संस्कृतिको अभ्यास गरिरहेका छौ । यसै असल संस्कृतिका कारण डुङ्गेश्वर गाउपालिकाको नामाकरण तथा गाउपालिकाको केन्द्र तोक्न सफल भएको सदनमा स्मरण गराउन चाहान्छु ।

६)**कृषि,शिक्षा,स्वास्थ्य र यातायात गाउपालिकाका सबल पूर्वाधार : दिगो समावेशी विकास सहितको डुङ्गेश्वर गाउपालिका बनाउने हाम्रो रहर** भन्ने नारालाई उद्घोषका साथ डुङ्गेश्वर गाउपालिकाको श्रमशील जनशक्तिलाई पुजीमा बदल्दै न्याय र सामाजिक रुपान्तरण सहित समृद्ध डुङ्गेश्वर निर्माण हाम्रो प्रमुख लक्ष्य रहेको कुरामा फेरी पनि जोड दिन चाहान्छु ।

७) प्रदेश सरकारले अंगिकार गरेको नाम शिक्षा,स्वास्थ्य,उत्पादन र रोजगार : यसका लागि पूर्वाधार भन्ने मुल नारालाई आत्मसाथ गर्दै **समृद्ध डुङ्गेश्वर,सुखी डुङ्गेश्वरबासी** को दिर्घकालीन उदेश्य अनुरुप समतामुलक समाज निर्माण गर्दै अघि बढिरहेको कुरा स्मरण गराउदछु ।

माननीय सभा अध्यक्षज्यू

८) अब म डुङ्गेश्वर गाउपालिकाको विद्यमान अवस्थालाई बुंदागत रुपमा प्रस्तुत गर्दछु :

- ❖ विकास र समृद्धिको अतुलनीय सम्भावना बोकेको यो गाउपालिकाका अन्य स्थानीय तहहरुको दांजोमा कुनै पक्षले पछाडी रहेता पनि विकास र समृद्धिको ढोका टाढा भने पक्कै छैन । साविकको चारवटा गाविसलाई समायोजन गरी हाल ६ वटा वडा सहितको प्रशासनिक विभाजन भएको गाउपालिका आर्थिक,सांस्कृतिक,पर्यावरणीय र भौगोलिक विविधताका साथै जल,जंगल तथा जडीबुटीको सम्भावित उत्पादन क्षमताका दृष्टिले उच्च स्थानमा रहेको छ ।
- ❖ मुलुकको करिब २१ प्रतिशत भुभाग ओगटेको सबैभन्दा ठुलो कर्णाली प्रदेशको १०५.२० वर्ग कि.मी.क्षेत्रफल रहेको डुङ्गेश्वर गाउपालिका पछिल्लो जनगणना बर्ष २०६८ अनुसार १६८८३ जनसंख्या रहेको ।

माननीय सभा अध्यक्षज्यू

अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७६/७७ को बजेटका उदेश्यहरु र प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।

९) बजेटको मूलभुत उदेश्य गाउपालिकाको विकास र समृद्धिको यात्रालाई सुनिश्चित गरी आर्थिक समृद्धिको बाटो तय गर्नु हो । यसका लागि निम्न लिखित उदेश्य अङ्गिकार गरिएको छ :

- ❖ आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गर्दै समृद्धि हासिल गर्ने
- ❖ सहज जीवनयापन र आर्थिक समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्ने
- ❖ कृषिको व्यवसायीकरण,विविधीकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि एवं खाद्य सुरक्षा सुनिश्चित गर्ने
- ❖ शैक्षिक तथा पर्यटकिय क्षेत्रमा गुणस्तर कायम गर्ने एवं विकास गर्ने
- ❖ भ्रष्टाचार नियन्त्रण,जनमुखी प्रशासन र सुशासन कायम गर्ने

१०) बजेटका उल्लिखित उदेश्य प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकतालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि संघीय,प्रदेश तथा अन्तर स्थानीय सरकारसंग प्रभावकारी समन्वय र साझेदारी गर्ने व्यवस्था मिलाईनेछ ।

माननीय सभा अध्यक्षज्यू

११) अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७५/७६ को समिक्षात्मक प्रगति प्रस्तुत गर्न चाहान्छु ।

**कार्यालय व्यवस्थापन तर्फ**

- सि.सी.क्यामरा पुन जडान
- विद्युतीय हाजिरी पुनर्स्थापना
- Group SMS सुचारु गरिएको ।
- Moble Apps बाट सुचना प्रवाहको शुरुआत
- डुङ्गेश्वर गान तयार गरिएको ।
- Municipality Building का लागि Truss Building निर्माण कार्य सम्पन्न गरिएको ।
- गाउपालिका अन्तर्गत मुख्यमुख्य ५ वटा स्थानहरुमा स्टेटलाईट जडान गरिएको ।
- सार्वजनिक सुनुवाई सम्पन्न भएको ।
- अर्धबार्षिक समिक्षा सम्पन्न भएको ।
- विभिन्न कार्यविधि तथा निर्देशिकाहरु पारित भएको ।

  - ✓ महिला तथा बालबालिका बिशेष कोष सञ्चालन निर्देशिका २०७५
  - ✓ अपांगता भएका व्यक्तिका परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि २०७५
  - ✓ विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५
  - ✓ कर्मचारी प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि(पहिलो संशोधन) २०७५
  - ✓ नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि २०७५
  - ✓ एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७५
  - ✓ उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५
  - ✓ डुंगेश्वर गाउपालिका भवन निर्माण मापदण्ड २०७५
  - ✓ करार शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७६
  - ✓ जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी कार्यविधी २०७६
  - ✓ डुङ्गेश्वर गाउपालिका जलश्रोत कार्यविधि २०७६
  - ✓ घ वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७५(पहिलो संशोधन)

**शिक्षा तर्फ**

- गाउपालिकाबाट कक्षा कोठा व्यवस्थापनको रकम निकाशा र विद्यालयले कक्षा व्यवस्थापन
- विद्यालय सुधार कार्यक्रम संचालन गरिएको ।
- सबै मा.वि.हरुमा कम्प्युटर शिक्षक नियुक्ति गरिएको ।
- एउटा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाको गरिएको
- एउटा ICTE ल्याप स्थापनाको गरिएको
- पिपलचौतारा मा.वि.मा डिजिटल स्कुल कार्यक्रम सम्पन्न ।
- दुईटा विद्यालयहरुमा शौचालय निर्माणको भएको
- आधारभूत तहको परीक्षाको सम्पन्न

- विद्यालय अनुगमन प्रक्रिया नियमित भैरहेको
- दुई वटा विद्यालयहरुमा २ कोठे भवन निर्माण कार्य सम्पन्नको अवस्थामा ।
- साविकको शिक्षा कार्यालयबाट हस्तान्तरित वैरी विद्यालय भवन सम्पन्न
- विभिन्न माध्यमिक विद्यालयहरुमा सोलर जडान कार्य सम्पन्न भएको

**सडक तर्फ**

- गाउपालिका स्तरिय सडक गुरुयोजना तयारी सम्पन्न
- एउटा कजवे निर्माण सम्पन्न ।
- प्रदेश समपुरक अनुदानबाट डुङ्गेश्वर डाडापराजुल अवलपराजुल जामुना सडकको तीन खण्डमा काम भैरहेको ।
- नयां ट्र्याक खन्ने २३.५ कि.मी.,कच्ची नाली २१० मीटर,ढुंगा सोलिङ कार्य १४८ मीटर,गेबिन भर्ने काम ३ घ.मी.,सडक मर्मत कार्य ७८.५ मीटर र सडक सर्भेक्षण कार्य २२ कि.मी.

**झोलुङ्गे पुल तर्फ**

- साविकको जिल्ला विकास समितिको कार्यालयबाट हस्तान्तरित एउटा झोलुंगे पुल निर्माण सम्पन्न । साथै झो.पु.को दुवैतिर पहुंच मार्ग निर्माण सम्पन्न ।

**कृषि तर्फ**

- ४५ वटा कृषक समुह तथा फर्म दर्ता
- सबै वडाहरुमा बेमैासमी तरकारी किट वितरण तथा बेमौसमी अगुवा कृषक तालीम कार्यक्रम सम्पन्न
- कृर्षि सामाग्री चुना र निलोतुथो वितरण सम्पन्न
- पि.वि.एस आलु बिउ वितरण,वडा नं.२ उमगाउ सम्पन्न
- खाद्यान्न विउवितरण कार्यक्रम (मकै) सम्पन्न
- मौसमी तरकारी बिउ किटवितरण कार्यक्रम
- नर्सरी स्थापना तथा व्यवस्थापन कार्यक्रम (सुन्तला र अलैची) सञ्चालन सम्पन्न
- अलैची बेर्ना वितरण कार्यक्रम सम्पन्न ।
- दुई ठाउमा कृषि पाठशाला कार्यक्रम सञ्चालन (वडा नं.५ को जडी र पोखरीपाटा)
- ६ वटै वडामा सानासिचाई पोखरी निर्माण सम्पन्न

**पशु विकास तर्फ**

- ३१ वटा पशु सम्बन्धी समूह/फर्म दर्ता
- ५९ वटा कृत्रिम गर्भाधान गरेको
- सबै वडाहरुमा मेडिकल उपचार,माईनर सर्जिकल उपचार तथा गाईग्लोजिकल उपचार गराईरहेको ।
- विभिन्न वडामा महामारीको रुपमा फैलिएको खोरेत रोगको नियन्त्रण गरेको ।
- विभिन्न वडाहरुमा खोरेत खोप,पि पि आर खोप तथा रेविज खोपहरु संचालन गरिएको ।

**स्वास्थ्य तर्फ**

- एम्बुलेन्स सेवा सुचारु भै एम्बुलेन्स सेवा सञ्चालन कार्यविधी समेत पारित भएको ।
- विभिन्न स्वास्थ्य चौकीबाट मेडिकल उपचार,माइनर सर्जिकल उपचार तथा गाइनोकोलोजिकल उपचार भैरहेको ।
- वडा नं.४ र वडा नं. ६ मा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरिएको ।
- बाउन्नेचौर सामुदायिक स्वास्थ्य ईकाईका लागि कर्मचारी नियुक्तिको प्रक्रियामा रहेको ।
- विभिन्न स्वास्थ्य चौकिहरुमा ल्याव सामाग्री तथा उपकरणहरुको व्यवस्थापन गरिएको ।

**बहुक्षेत्रिय पोषण तर्फ**

- सबै वडा एक दिने कुखुरापालन तालिम
- कुखुराका चल्ला वितरण जम्मा संख्या: १०७०
- सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी तालिम
- सुत्केरी स्याहार सम्बन्धी ज्ञान अभिविद्ध तालिम
- सुनौला १००० दिनका आमासमुहलाई नमुना करेसाबारी स्थापना तथा तरकारी विउ वितरण
- सुनौला १००० दिनका आमासमुहलाई सामुहिक नर्सरी स्थापना
- सुनौला १००० दिनका आमासमुहलाई चल्ला वितरण
- सुनौला १००० दिन आमा रहेको घरलाई स्थलगत कुखुरापालन तालिम प्रदान ।

**खानेपानी तर्फ**

- रकचना वृहत खानेपानी आयोजना डि.पि.आर.तयारी सम्पन्न
- विभिन्न २८ वटा खानेपानी आयोजना निर्माण/मर्मत कार्य सम्पन्न
- ४७ वटा धारा निर्माण कार्य सम्पन्न ।
- ५३७८ मीटर पाईपलाईन खन्नेपुर्ने कार्य सम्पन्न
- ५ वटा आर भि टी निर्माण सम्पन्न ।
- एउटा ईन्टेक निर्माण सम्पन्न ।

**महिला विकास तर्फ**

- बाल विबाह न्यूनिकरण र पोषण सम्बन्धी तालिम
- समुह सदस्यहरुलाई ३ दिने अनुशिक्षण
- स्वच्छ महिनावारी सम्बन्धी ३ दिने तालिम
- समुह/समिति/निगरानी समुह गठन
- समुह गठन डुङ्गेश्वर गा.पा. अन्तर्गत
- लैङ्गिक हिँसा निगरानी समुह

**भवन तर्फ**

- गाउपालिकाको प्रशासनिक भवनको डि.पि.आर.निर्माण कार्य सम्पन्न ।
- ६ नं. वडा कार्यालय भवन निर्माण कार्यको सम्झौता भै सञ्चालनमा रहेको
- दुई वटा गाउघर क्लिनिक भवन निर्माण कार्य सम्पन्न ।
- विभिन्न स्वास्थ्य चौकि भवनको मर्मत कार्य सम्पन्न ।
- ३ नं. वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न ।
- ४ नं. वडा कार्यालय भवन घेराबार तथा प्रतिक्षालय निर्माण सम्पन्न गर्ने अवस्थामा रहेको ।
- २ नं. वडा कार्यालय भवन मर्मत कार्य सम्पन्न ।

**पर्यटन प्रबर्द्धन तर्फ**

- गाउपालिकाको भौगोलिक,धार्मिक,सांस्कृति,मठमन्दिरहरु,पर्यटय क्षेत्रको पहिचान सहितको डकुमेन्ट्री तयार गर्ने कार्य सम्पन्न ।
- वडा नं.२ मा अवस्थित बिशेष पर्यटकिय प्राथमिकतामा रहेको कुइयातालको विस्तृत परियोजना प्रतिवेदन तयारी सम्पन्न ।

## उर्जा तथा विद्युत तर्फ

- वडा नं.२ उममा २५ वडा सौर्य उर्जा जडान कार्य सम्पन्न ।
- वडा नं.२ मा गाउपालिकाको लागत सहभागितामा रु.३ करोड बराबरको विद्युत लाईन विस्तारका लागि ठेक्का प्रक्रिया सम्पन्न ।
- अन्य वडाहरुमा विद्युत लाईन विस्तारका कार्यहरु सम्पन्न अवस्थामा ।
- २१ वटा गोबरग्यास प्लान्ट जडान कार्य सम्पन्न ।

## लक्षित वर्ग उत्थान तर्फ

- लक्षित वर्ग कार्यक्रम संख्या ४४ वटा ।
- त्यसमध्ये महिला सम्बन्धी ९ वटा,आदिवासी जनजाति सम्बन्धी ७ वटा,बालबालिका सम्बन्धी ५ वटा,दलित सम्बन्धी ७ वटा,जेष्ठनागरिक सम्बन्धी ६ वटा,एकल महिला सम्बन्धी ४ वटा र अपांगता सम्बन्धी ६ वटा रहेको छन । सबै कार्यक्रम सम्पन्न भएको अवस्था रहेको छ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

- ६ वटै वडाहरुमा बेरोजगारीहरुको तथ्यांक लिने कार्य सम्पन्न
- जम्मा सबै वडाहरुको कुल १९४५ जना बेरोजगारीहरुको भएको । महिला ९१२ जना र पुरुष १०३१जना ।
- उक्त बेरोजगारी मध्ये १३७ जना प्रधानमन्त्री रोजगार कार्यक्रममा खटिएको ।
- ६ वटा वडाहरुबाट ७ वटा योजनाहरु छनौट गरी एक महिनाको काममा लगाएको ।
- उक्त योजनाहरुमा ६ वटा योजनाहरु सम्पन्न ।

## गरिब पहिचान तथा गरिब परिचय पत्र वितरण कार्यक्रम तर्फ

- एक जना सुपरिवेक्षक तथा ३ जना गणक नियुक्ति गर्ने कार्य सम्पन्न ।
- सबै वडाहरुको कुल १९४५ जना बेरोजगारीहरुको संख्यामा रहेको । महिला ९१२ जना र पुरुष १०३१ जना ।

## न्यायिक समिति तर्फ

- न्यायिक समितिमा दर्ता भएका मुद्दा संख्या १६ गोटा
    - मिलापत्र गराएको ८ गोटा
    - अदालत पठाएको १ गोटा
    - जिल्ला प्रहरी कार्यालयमा पठाएको २ गोटा
    - अन्य निकायमा शिफारिस गरेको ६ गोटा
- न्यायिक इजलास निर्माण कार्य सम्पन्न भएको ।
- न्यायिक समितिको व्यवस्थापन तथा प्रबर्द्धन कार्य भैरहेको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी मुद्दा २२ संख्या
    - जवाफ पठाएको २० गोटा
    - विचाराधीन २ गोटा

माननीय सभा अध्यक्षज्यू

१२) अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुत गर्न चाहान्छु।

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु**

- नेपालको संविधान जारी भएपछि मुलुकमा संघीयता कार्यान्वयन भई स्थानीय तहलाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देशित गरे बमोजिम डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को बजेट पेश गरेको छु।
- अबका दिनहरुमा डुङ्गेश्वर गाउँपालिकाको स्थानीय सरकारले भौगोलिक रुपमा विकट स्थितिमा रहेका यस गाउँपालिकाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागि गराउने, अनुगमन कार्यलाई तिव्रता दिने, मागमा आधारित कार्यक्रम तथा विकासका गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिबी न्यूनीकरण गर्ने नीति लिइएको छ ।
- पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ । धार्मिक तथा सांस्कृतिक रुपमा पर्यटकीय तथा धार्मिक स्थानहरु कुइयाताल,कोटाफेरा,मालिका मन्दिर, ढुंगेलबाबा देवता, बण्डाली मन्दिर,मस्टो देवता मन्दिर, देउती मन्दिर, सिद्धबाबा मन्दिर , शिव मन्दिर, शिखरढारी मन्दिर,नारायण थान,भैरव थान र भ्युटावर आदिको पर्यटकिय विकासका लागि पहल गरिनेछ. डुंगेल मन्दिर, भैरव मन्दिर, नारायण मन्दिर रहेका छन् । प्राकृतिक स्रोत साधनको रुपमा पराजुलीखोला, कुईंया ताल, स्लेट खानी, बनजंगल रहेको छ । आकर्षक गन्तव्यको पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख रैथाने बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिंचाई, मलखाद र बीउ बिजनको उपलब्धतामा जोड दिइनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषकहरुको जीवनस्तर वृद्धिका लागि कृषक केन्द्रित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ । प्राथमिकता प्राप्त रकचना खानेपानी आयोजना लगायत अन्य कार्यक्रमहरु कार्यान्वयनमा जोड दिइनेछ । खानेपानीको विवरण तथा उपभोगमा स्थानियवासि तथा खानेपानी उपभोक्ताहरुलाई जिम्मेवार बनाउँदै लगिनेछ ।
- वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिइनेछ । वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्त्पूर्ण वनस्पति तथा जडिबुटीको प्रशोधनमा निजी तथा सामूदायिक संस्थालाई सहभागी गराइनेछ ।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएको लगानीले स्वस्थ, शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धीलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाईनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- लैंगिक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको सम्वृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ, अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक विकास गरिनेछ ।
- उज्यालो नेपाल अभियानलाई सार्थक तुल्याउन डुङ्गेश्वर गाउँपालिका स्तरबाट पनि जलविद्युत आयोजना, शौर्य उर्जा तथा वैकल्पिक उर्जा विकासमा विशेष प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका र सञ्चालन हुने जलविद्युत आयोजनाहरुलाई सहकारीमा आवद्ध गर्न प्रोत्साहित गर्दै डुङ्गेश्वर गाउँपालिकाबाट शेयर लगानीको वातावरण सिर्जना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको समृद्धिका लागि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

- डुङ्गेश्वर गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभवृद्धि गरिनेछ ।
- खेलकूद क्षेत्रको विकासका लागि यस क्षेत्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रय स्तरमा नाम कमाउन सफल हुने खेलाडीहरुलाई सम्मान गरिने छ ।
- भ्रष्टचारजन्य क्रियाकलाप प्रति शून्य सहनशीलताको अवधारणा मार्फत सुशासनमा टेवा पुरयाइनेछ । भ्रष्टचार निवारणका क्षेत्रमा कार्यरत सार्वजनिक निकायको क्षमता अभिवृद्धि गरिनेछ ।
- मानव अधिकारको सम्मान एवं सम्वर्द्धन गर्दै मानव अधिकारको प्रत्यभूति गर्ने खालका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाबाट नागरिकता लिने व्यक्तिलाइ शिफारिस दस्तुर र नविकरण दस्तर मिनाह गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत देहायका ऐन नियम तथा कार्यविधीहरु स्वीकृति गरि कार्यान्वयमा ल्याईनेछ।

  **तपशिल**

  (क) विनियोजन ऐन, २०७६

  (ख) आर्थिक ऐन, २०७६

  (ग) करार शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७६

  (घ) जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी २०७६

  (ङ) डुङ्गेश्वर गाउपालिकाको जलश्रोत कार्यविधि २०७६

  (च) घ वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७५(पहिलो संशोधन)
- गाउँपालिकामा कार्यरत विशेष कर्मचारीहरुलाई आर्थिक वर्ष २०७६।०७७ को नीति कार्यक्रम तथा बजेट तर्जुमा तथा गाउसभा तयारीका लागि कार्यालय समय भन्दा अघिपछि खटिनु भै कार्यसम्पादनमा बिशेष योगदान दिएको हुँदा निजहरुलाइ अतिरिक्त सुविधा वापत एक महिना तलब बराबरको भत्ता दिएर प्रोत्साहित गरिनेछ ।
- गाउपालिकाबाट सृजना गरिएका कार्यरत करार शिक्षक, विद्यालय कर्मचारी ,अ.हे.व.,अ.न.मी., सामाजिक परिचालक तथा कार्यालय सहयोगी आदि जनशक्तिहरुको कार्यसम्पादन तथा जिम्मेवारीलाइ मध्यनजर गरी आगामी आ.व. देखी लागू हुने गरी तलब भत्ता वृद्धि गरिएकोछ ।
- गाउपालिकालाइ आवश्यक हुने प्राविधिक जनशक्ति करार सेवामा लिंदा दरबन्दी भन्दा बाहिरका लाइ अनुसूची ६ बमोजिम तलब स्केल एवं अन्य सेवा सुविधा दिइनेछ ।
- गत विगतमा काम सम्पन्न भै भुक्तानी हुन नसकेका योजनाहरुलाइ अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदनका आधारमा भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।
- देहायका ठूला आयोजनाहरु गाउँपालिकाको स्रोतबाट सम्पन्न गर्न नसिकने भएको हुँदा संघीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालन गरिने गरि माग गर्ने ।

  **तपशिल**

  (क) डुङ्गेश्वर डाडापराजुल अवलपराजुल जामुना सडक निर्माण तथा स्तरोन्नति कार्य

  (ख) रकचना वृहत खानेपानी आयोजना निर्माण

  (ग) गाउपालिका प्रशासनिक भवन निर्माण

  (घ) मटेलाखोला पक्की पुल निर्माण

  (ङ) हनेटीखोला पक्की पुल निर्माण

  (च) गाउपालिका जडी कुइयाताल सडक निर्माण

  (छ) देउली कुइयाताल पर्यटकिय सडक निर्माण

  (ज) कुइयाताल पर्यटकिय क्षेत्र विकास कार्यक्रम

माननीय सभा अध्यक्षज्यू

१४) अब म आर्थिक वर्ष २०७५।०७६ को संशोधित आयव्ययको व्यवस्थापन देहाय बमोजिम प्रस्तुत गर्दछ ।

- संघीय सरकार र प्रदेश सरकारको राजश्व बांडफाट अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तानतरण भई आएको रकमबाट **चालु खर्च तर्फ ४ करोड ९७ लाख २ हजार रुपैयाँ** व्ययको संशोधित बजेट पेश गरिएको छ । जसको संशोधित खर्च विवरण यस पछाडि **अनुसूची १** मा संलग्न रहेकोछ ।
- संघीय सरकार र प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट **पुजिगत तथा चालु खर्च** तर्फको **७ करोड २३ लाख ६ हजार रुपैयाँ** व्ययको संशोधित बजेट पेश गरिएको छ।जसको संशोधित खर्च विवरण यस पछाडि **अनुसुची २** मा संलग्न रहेकोछ ।

माननीय सभा अध्यक्षज्यू

१५) अब म डुङ्गेश्वर गाउपालिकाको आगामी आ.व.०७६/७७ मा सञ्चालन हुने मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु :

**मुख्य मुख्य आयोजना र क्रियाकलापहरु**

आर्थिक वर्ष २०७६।०७७ मा सञ्चालन गरिने कार्यक्रमहरु देहाय बमोजिम हुने छन्।

- डुङ्गेश्वर गाउँपालिकामा अन्तर्गत विभिन्न आयोजनाहरुमा लागत सहभागिता (साझेदारी) जुटाउन समपूरक कोषका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **एक करोड पचास लाख** बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिकाको आकस्मिक कार्यहरुमा गाउँपालिका अध्यक्षको संरक्षकत्वमा रहने गरी एवं तत्काल राहत हुने कार्यक्रमहरुका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **अध्यक्ष विकास कोष** स्थापनाका लागि **पच्चिस लाख** रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिका अन्तर्गतका सडक मर्मत कोष स्थापना सहित सडक मर्मत समुहका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पन्ध्र लाख** रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिकाको कार्यालय प्रयोजनका लागि सवारी साधन खरिद गर्न संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **साठी लाख** रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालय प्रयोजनका लागि आवश्यक जग्गा प्राप्ति एवं व्यवस्थापन गर्न प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **चार लाख** रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

- गाउँपालिका अन्तर्गतको विद्धुत संरचना तथा निर्माणका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पांच लाख** रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिका अन्तर्गत विभिन्न **वडाका सडकहरुको मर्मत तथा पहिरो हटाउने कार्यका** लागि प्रति वडा **चार लाखका** दरले **वडागत पुजिगत बजेटमा** संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **चौबिस लाख** रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पचास लाख** रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिकाका **छ वटै वडाहरुको पूर्वाधार निर्माणका** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **दुई करोड दुइ लाख रुपैयाँ** विनियोजन गरिएको छ ।
- गाउँपालिकाका **छ वटै वडाहरुको प्रशासनिक तथा चालु खर्चका** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **त्रियासी लाख छत्तीस हजार रुपैयाँ** विनियोजन गरिएको छ ।
- **गाउपालिका** अन्तर्गत **लक्षित वर्ग उत्थानका** लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **दश लाख रुपैयाँ** र बचत मौज्दातबाट **बीश लाख रुपैयाँ** गरी **तिस लाख रुपैयाँ** बजेट विनियोजन गरिएकोछ ।
- **शिक्षा क्षेत्र पूर्वाधार विकास तथा अन्य कार्यक्रमका** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **आठ लाख नब्बे हजार रुपैयाँ** तथा प्रदेश सरकारको समानीकरण अनुदानबाट **पन्ध्र लाख पचास हजार रुपैयाँ** गरी **चौबिस लाख चालिस हजार रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- पर्यटन क्षेत्र विकास अन्तर्गत **कुइयाताल पर्यटन क्षेत्र विकास तथा पथमार्ग निर्माण पांच लाख** र पर्यटन गुरुयोजना निर्माण गर्न प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **दस लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- वडा नं २ ३ र ६ को वडा कार्यालय भवन निर्माणका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पैचालिस लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र कार्यक्रम अन्तर्गत **महिला विकास तथा सशक्तिकरण कार्यक्रमको** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **चार लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।

- डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र अन्तर्गत **पशु क्षेत्रको विकासका** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **सोह्र लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र अन्तर्गत **कृषि क्षेत्रको विकासका** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **सोह्र लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र अन्तर्गत **स्वास्थ्य सेवा क्षेत्रको विकासका** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **नौं लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र अन्तर्गत **खानेपानी तथा सरसफाइ** क्षेत्रको विकासका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पांच लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत **सूचना प्रणाली तथा सफ्टवेयर संचालन कार्यक्रमका** लागि संघीय सरकारको राजश्व बांडफाट  अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **छ लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाको **आवधिक योजनाा निर्माणका** लागि कन्टेन्जेन्सी अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **तीन लाख नब्बे हजार रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत **खेलकुद मनोरञ्जन तथा युवा सम्बन्धी कार्यक्रमका** लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **सात लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकामा अन्तर्गत विपद् व्यवस्थापन कोषका लागि संघीय सरकारकोको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पाँच लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकामा अन्तर्गत उद्दार राहत तथा पूनर्स्थापनाका लागि संघीय सरकारको राजश्व बांटफाट अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकालाइ प्राप्त भएको रकमबाट **तीन लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले रारा जलविद्दुत आयोजनामा शेयर लगानीका लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पच्चीस लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले **डुङ्गेश्वर महोत्सवका** लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पांच लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।

- डुङ्गेश्वर गाउँपालिकाले सबै वडाहरुमा खरको घरलाइ बिस्थापित गरी जस्तापाताको व्यवस्था गर्न **खरमुक्त घर कार्यक्रमका** लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **दश लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले नमुना विद्यालय प्रोत्साहन शहिद परिवार तथा द्वन्द्ध पिडितहरुलाइ प्रोत्साहन पत्रकारिता क्षेत्रलाइ प्रोत्साहन तथा लघुउद्यमीहरुलाइ प्रोत्साहन जस्ता कार्यक्रममा संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले **युवा स्वरोजगार कार्यक्रमलाइ** निरन्तरता दिदै उक्त कार्यक्रमका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **छ लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले न्यायिक समिति व्यवस्थापन कार्यक्रमका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **पांच लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले विद्यालयहरुमा वाइफाइ तथा इन्टरनेट स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी कार्यक्रमका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले **गरिबसंग विश्वेश्वर कार्यक्रमलाइ** सबै वडामा क्षेत्र विस्तार गरी कार्यान्वयन गर्नका लागि डुङ्गेश्वर गाउँपालिकामा आन्तरिक श्रोतको रकमबाट **तीन लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले कला संगित प्रबर्द्धन तथा सहकारी प्रबर्द्धन एवं सम्बर्द्धन कार्यक्रमका लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत **एफ एम सञ्चालनका** लागि **दश लाख रुपैया** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाले मानव अधिकार रेडक्रस ऽ धार्मिक सांस्कर्तिक मठमन्दिर प्रबर्द्धन शान्ति सुरक्षा तथा सुशासन कार्यक्रमका लागि डुङ्गेश्वर गाउँपालिकामा आन्तरिक श्रोतबाट बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकाबाट सञ्चालन हुने सबै क्रियाकलापहरु जनता माझ सार्वजनिक गर्ने उदेश्यले **जनतासंग मिडिया कार्यक्रमका** लागि प्रदेश सरकार राजश्व बांडफाटबाट **दुइ लाख रुपैया** बजेट विनियोजन गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकामा अन्तर्गत विभिन्न सडक सर्भेक्षण तथा अन्य पूर्वाधार निर्माण कार्यका लागि प्रदेश सरकारको समानीकरण अनुदानबाट **तेह्र लाख नब्बे हजार रुपैयाँ** तथा कन्टेन्जेन्सी रकमबाट **छ लाख दश हजार रुपैया** गरी **बीस लाख रुपैया** बजेट विनियोजन गरिएकोछ ।
- डुङ्गेश्वर गाउँपालिकामा अन्तर्गत कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुबाट पेश हुन आएका कार्यक्रमहरु तोकिएको स्थान कार्यक्रम तथा बजेट अनुसार नै सञ्चालन गरिनेछ ।

माननीय सभा अध्यक्ष ज्यू

१६) अब म आर्थिक वर्ष २०७६।०७७ को अनुमानित आयव्ययको व्यवस्थापन पेश गर्ने अनुमति चाहान्छु

- संघीय सरकार प्रदेश सरकार तथा आन्तरिक श्रोत अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट चालु खर्च तर्फको **२० करोड ४२ लाख ६९ हजार रुपैयाँ** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरिएकोछ । व्ययको विवरण अनुसूची ३ देखि ५ सम्म राखिएको छ ।
- संघीय सरकार प्रदेश सरकार तथा आन्तरिक श्रोत अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट पूँजीगत खर्च तर्फको **८ करोड १७ लाख ४२ हजार** रुपैयाँ व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरिएकोछ **।** व्ययको विवरण अनुसूची ३ देखि ५ सम्म राखिएको छ ।
- शिक्षा, स्वास्थ्य, पशु, कृषि, वन, महिला तथा उर्जा विकासका लागि संघीय सरकारको अन्तर सरकारी वित्तीय सशर्त अनुदान तर्फको **११ करोड १० लाख रुपैयाँ** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरिएकोछ ।
- डुङ्गेश्वर गाउँपालिकाको **आ व २०७६।०७७** मा **१२ लाख रुपैयाँ** आन्तरिक आय संकलन गर्ने अनुमान गरिएको छ ।
- यस प्रकार डुङ्गेश्वर गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार तथा अन्य कार्यक्रमबाट समेत गरी कुल बजेट **२८ करोड ६० लाख ९८ हजार मध्ये २० करोड ४२ लाख ६९ हजार चालु तर्फ र ८ करोड १७ लाख ४२ हजार पूँजीगत तर्फ** व्यय हुने यस गरिमामय सदनमा अनुमान गरि बजेट बिनियोजन गरिएको छ ।

उपरोक्त बजेट तथा कार्यक्रम/योजनाहरुको सफल कार्यान्वयनबाट डुङ्गेश्वर गाउपालिकाको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु । समाजलाई न्याय, समानता र स्वतन्त्रतातर्फ डोऱ्याउने छ भन्ने विश्वास लिएकोछु ।

अन्तमा प्रस्तुत बजेट तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय संसद र प्रदेश सभाका माननीय सदस्यज्यूहरु, गाउपालिका अध्यक्ष ज्यू,वडाध्यक्ष ज्यूहरु,बिषयगत संयोजक ज्यूहरु,कार्यपालिका सदस्य ज्यूहरु,स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज,सञ्चारकर्मी,कर्मचारी मित्रहरु तथा सम्पूर्ण डुङ्गेश्वरबासीहरुप्रति हृदयदेखि कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद ।**

अनुसूची १

# संघीय तथा प्रदेश सरकारको राजश्व बांडफाट (चालु तर्फ) संशोधित बजेट

| सि.नं. | कार्यक्रम | वार्षिक वजेट | जेष्ठ महिना सम्मको खर्च | आषाढ महिनासम्म संशोधित खर्च | कैफियत |
|---|---|---|---|---|---|
| 1 | पदाधिकारी पारिश्रमिक | 6000000 | 5813302 | 5815000 | |
| 2 | पदाधिकारी बैठ्क भत्ता | 540000 | 360500 | 500000 | |
| 3 | कर्मचारी तलब | 12500000 | 10073560 | 11777000 | |
| 4 | स्थानिय भत्ता | 2100000 | 2093823 | 2217500 | |
| 5 | मंहगी भत्ता | 864000 | 724000 | 864000 | |
| 6 | लुगा भत्ता | 400000 | 410000 | 410000 | |
| 7 | तालिम कर्मचारी | 200000 | 0 | 300000 | |
| 8 | धारा/बिजुली | 100000 | 103448 | 200000 | |
| 9 | संचार | 200000 | 408285 | 500000 | |
| 10 | कार्यालय सामान | 1000000 | 1557802 | 2058000 | |
| 11 | अनुगमन मुल्याकन खर्च | 1065500 | 1415262 | 1600000 | |
| 12 | भ्रमण खर्च | 200000 | 110165 | 200000 | |
| 13 | कार्यक्रम खर्च | 300000 | 270795 | 300000 | |
| 14 | बिबिध | 1000000 | 838245 | 1000000 | |
| 15 | फनिचर | 500000 | 390094 | 500000 | |
| 16 | ईन्धन | 800000 | 316591 | 500000 | |
| 17 | अन्य भाडा | 200000 | 264800 | 650000 | |
| 18 | घर भाडा | 156000 | 124100 | 250000 | |
| 19 | मर्मत | 400000 | 440251 | 650000 | |
| 20 | अन्य ईन्धन | 100000 | 25000 | 100000 | |
| 21 | अतिथी सत्कार | 200000 | 84855 | 200000 | |
| 22 | पुस्तक तथा पत्रपत्रिका | 200000 | 28500 | 200000 | |
| 23 | मेसिनरी औजार उपकरण | 700000 | 676445 | 800000 | |
| 24 | अन्य सेवा शुल्क | 100000 | 0 | 100000 | |
| 25 | पन्जिकरण व्यवस्थापन | 75000 | 75000 | 75000 | |
| 26 | न्यायिक समिती | 400000 | 321903 | 400000 | |
| 27 | गाउसभा संचालन खर्च | 500000 | 326470 | 500000 | |
| 28 | छपाई | 500000 | 703262 | 720000 | |
| 29 | सेवा परामर्स | 500000 | 200000 | 1400000 | |
| 30 | प्रोत्साहन भत्ता | 1000000 | 1085000 | 1100000 | |
| 31 | बिमा | 70000 | 108211 | 110000 | |
| 32 | बिषयगत शाखा | 16831500 | 11899097 | 13705500 | |
| | जम्मा | 49702000 | 41248766 | 49702000 | |

अनुसूची २

## संघीय,प्रदेश तथा आन्तरिक श्रोत तर्फको वित्तिय समानीकरण अनुदानको संशोधित बजेट

| सि.नं. | बजे६ हिसाब | वार्षिक वजे६ | द्दण्ठट जेष्७ महिनासम्मको खर्च | द्दण्ठट आषा९ महिना सम्मको संशोधित खर्च | कैफियत |
|---|---|---|---|---|---|
| 1 | समपुरक कोष | 3000000 | 93510 | 2185470 | |
| 2 | मर्मत संम्भार कोष (च्न समेत) | 1700000 | 1280280 | 1700000 | |
| 3 | बिपद व्यवस्थापन कोष स्थापना | 480000 | 48050 | 480000 | |
| 4 | बाताबरoा संरक्षoा कोष व्यवस्थापन | 100000 | 69854 | 100000 | |
| 5 | सरसफाई कार्यक्रम | 100000 | 100000 | 100000 | |
| 6 | कृषि र पशु बिकास कार्यक्रम | 3000000 | 1730306 | 3000000 | |
| 7 | अनुसन्धान तथा बिकास | 1000000 | 1000000 | 2000000 | |
| 8 | बिषयगत शाखा कार्यक्रम | 1400000 | 1064268 | 1400000 | |
| 9 | लक्षित वर्ग कार्यक्रम | 2500000 | 1870217 | 2500000 | |
| 10 | गाउपालिका स्तरीय मानव अधिकार कार्यक्रम | 100000 | 100000 | 100000 | |
| 11 | पर्य६न पूर्वाधार कार्यक्रम | 150000 | 94450 | 150000 | |
| 12 | औषधी खरिद कार्यक्रम | 500000 | 499870 | 500000 | |
| 13 | सहिद परिवार | 200000 | 160000 | 100000 | |
| 14 | ल३ उधमीह्रुलाई प्रोत्साहन | 100000 | 0 | 100000 | |
| 15 | क्षमता अभिबृदि र सकारात्मक सोच | 100000 | 100000 | 0 | |
| 16 | गाउपालिकाको ड्कुमेन्द्री प्रशारoा र निर्माoा | 150000 | 150000 | 150000 | |
| 17 | ट नं. वडा कार्यालय भवन निर्माoा | 2000000 | 0 | 2000000 | |
| 18 | पत्रकार पुरस्कार कार्यक्रम | 50000 | 0 | 50000 | |
| 19 | युवा स्वरोजगार कार्यक्रम | 600000 | 420000 | 600000 | |
| 20 | गाउपालिका स्तरिय खेलकुद | 500000 | 410500 | 400000 | |
| 21 | साबिक डाडापराजुल गाबिस भवन भुक्तानी | 2100000 | 2118530 | 2118530 | |
| 22 | डुगेश्वर डाडापराजुल अवलपराजुल सडक | 3500000 | 0 | 3500000 | |
| 23 | नीति,कार्यक्रम तथा बजे६ प्रस्तुति | 25000 | 25000 | 25000 | |
| 24 | पत्रकार अक्षय कोष कार्यक्रम | 75000 | 0 | 75000 | |
| 25 | कला संस्कृति संगित प्रबर्४न कार्यक्रम | 200000 | 300000 | 300000 | |
| 26 | कला संस्कृति म७मन्दिर प्रबर्४न कार्यक्रम | 150000 | 150000 | 150000 | |
| 27 | जनतासंग रेडियो कार्यक्रम | 400000 | 200000 | 400000 | |
| 28 | प्रहरी चौकी चुप्रा र माथिल्लो डुगेश्वर | 100000 | 100000 | 100000 | |
| 29 | डुगेश्वर गान तयार कार्य | 200000 | 200000 | 200000 | |
| 30 | वडा नं. द्द भवन मर्मत | 200000 | 199986 | 200000 | |
| 32 | न्यायिक समिति पुर्वाधार तथा व्यवस्थापन | 400000 | 273863 | 400000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 33 | गत आ.ब. भुक्तानी बाकि | 3304000 | 3024492 | 3300000 | |
| 34 | वडागत कार्यालय चालु | 10872000 | 10256614 | 10872000 | |
| 35 | वडागत कार्यालय पुजिगत | 33050000 | 27644885 | 33050000 | |
| | **जम्मा** | **72306000** | **53684675** | **72306000** | |

**अनुसूची ३**

## आ.व २०७६।०७७ को वित्तीय समानीकरण अनुदान

रू.हजारमा

| सि.नं | खर्च संकेत | शिर्षक | वितिय समानीकरण अनुदान | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संघीय | प्रदेश | |
| | | **वित्तिय समानीकरण बजेट शिलि□** | **७६६००** | **१००४०** | |
| १ | ३१५११ | समपुरक कोष (साझेदारी) | १५००० | | |
| २ | | अध्यक्ष विकास कोष स्थापना | २५०० | | |
| ३ | ३११५९ | मर्मत संभार कोष (RMG समेत) | १५०० | | |
| ४ | ३११५७ | विपद व्यवस्थापन कोष | ५०० | | |
| ५ | | मानव ससाधन विकास कोष | १०० | | |
| ६ | ३११२१ | सवारी साधन खरिद | ६००० | | |
| ७ | ३१४११ | जग्गा प्राप्ति | | ४०० | |
| ९ | | नमुना विद्यालय प्रोत्साहन अनुदान | २०० | | |
| १० | ३११५३ | विद्युत संरचना र निर्माण | ५०० | ० | |
| ११ | ३११७२ | पुजिगत अनुसन्धान तथा परामर्श | ० | | |
| १२ | २२५२२ | बिषयगत कार्यक्रम | | | |
| | | क) कृषि विकास कार्यक्रम | १६०० | | |
| | | ख) शिक्षा विकास कार्यक्रम | ८९० | १५५० | |
| | | □ कृषि छात्रवृति रू.२ लाख | | | |
| | | □ SEE छात्रवृति रू.४० हजार | | | |
| | | □ कक्षा ९ र १० छात्रकृति रू.६लाख | | | |
| | | □ शिक्षा कार्यक्रम संचालन रू.५ लाख | | | |
| | | □ कक्षा ४ र ५ कक्षा सुधार रू.११ लाख | | | |
| | | ग) पशु विकास कार्यक्रम | १६०० | | |
| | | घ) स्वास्थ्य विकास कार्यक्रम | | | |
| | | □औषधी खरिद | ६०० | | |
| | | □स्वास्थ्य सम्बन्धी कार्यक्रम | ३०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ङ) महिला विकास कार्यक्रम | ४०० | | |
| | | च) खानेपानी तथा सरसफाई कार्यक्रम | ५०० | | |
| | | □सार्वजनिक शौचालय | | | |
| | | □पुर्ण सरसफाई कार्यक्रम | | | |
| १३ | | सिंचाई पूर्वाधार सम्बन्धी कायक्रम | २०० | | |
| १४ | २२५२२ | विपन्न लक्षित वर्ग सम्बन्धी कार्यक्रम | | १००० | |
| | | क) विपन्न महिला सम्बन्धी कार्यक्रम | | | |
| | | -महिला तथा बालबालिका कोष | | | |
| | | ख) विपन्न बालबालिका सम्बन्धी कार्यक्रम | | | |
| | | ग) दलित वर्ग उत्थान कार्यक्रम | | | |
| | | घ) आदिवासी जनजाति सम्बन्धी कार्यक्रम | | | |
| | | ङ) भिन्न क्षमता भएका सम्बन्धी कार्यक्रम | | | |
| | | च) जेष्ठनागरिक सम्मान कार्यक्रम | | | |
| | | छ) अन्य लक्षित वर्ग कार्यक्रम | | | |
| | | ज) लक्षित वर्ग सञ्जाल गठन | | | |
| १५ | २२५१२ | गाउपालिका स्तरिय मानवअधिकार कार्यक्रम | ० | | |
| १६ | | रेडक्रस सोसाईटी तथा परोपकारी संस्था अनुदान | २०० | | |
| १७ | ३११५९ | पर्यटन पुर्वाधार तथा गुरूयोजना निर्माण | ० | १००० | |
| | | -कुइयाताल पर्यटकिय क्षेत्र विकास तथा पथमार्ग रु.५ लाख | | | |
| १८ | २७२१९ | सहिद परिवार तथा द्वन्द्ध पिडित सम्मान कार्यक्रम | ३०० | | |
| १९ | २७२१९ | लघुउद्यमी प्रोत्साहन कार्यक्रम | ३०० | | |
| २१ | २७२१९ | पत्रकारिता क्षेत्र विकास कार्यक्रम | २०० | | |
| २२ | २७२१९ | यूवा स्वरोजगार कार्यक्रम | ६०० | | |
| २३ | २२५२२ | खेलकुद मनोरञ्जन तथा युवा सम्बन्धी कार्यक्रम | ७०० | | |
| | | - अध्यक्षकप रनिङशिल्ड | | | |
| २४ | ३११५१ | सडक सर्भेक्षण तथा सडक पूर्वाधार निर्माण | ० | १३९० | |
| २५ | २७२१९ | नीति कार्यक्रम वजेट प्रस्तुति | २५ | | |
| २६ | २५३१४ | कला संगित प्रवर्द्धन | ० | २०० | |
| २७ | २५३१४ | धार्मिक सांस्कृतिक मठमन्दिर प्रवर्द्धन | ० | | |
| २८ | २७२१९ | जनतासंग मिडिया कार्यक्रम | ० | | |
| २९ | | गरिबसंग बिश्वेश्वर कार्यक्रम | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | २७२१९ | शान्ति सुरक्षा तथा सुशासन कार्यक्रम | ० | | |
| ३१ | २७२१९ | न्यायिक समिति व्यवस्थापन कार्यक्रम | ५०० | | |
| ३२ | | वन,वातावरण संरक्षण तथा व्यवस्थापन | २३५ | | |
| ३३ | | सुनौलो हजार आमा प्रोत्साहन कार्यक्रम | १५० | | |
| ३४ | | स्वास्थ्य संस्थाहरूमा विद्युतीय हाजिर तथा मर्मत कार्यक्रम | २०० | | |
| ३५ | | विद्यालयमा वाईफाई तथा ईन्टरनेट | ४०० | | |
| ३७ | | सहकारी प्रबर्द्धन तथा सम्बर्द्धन कार्यक्रम | ० | ३०० | |
| ३८ | | गाउपालिका प्रशासनिक भवन तथा पूर्वाधार निर्माण(साझेदारी) | ५००० | | |
| ३९ | | रारा जलविद्युतको शेयर खरिद | ० | २५०० | |
| ४० | | ढुंगेश्वर महोत्सव | ० | ५०० | |
| ४१ | | वडा कार्यालयभवन निर्माण तथा अधुरो कार्य (वडा नं.२,३र६) | ४५०० | | |
| ४२ | | खरमुक्त घर निर्माण कार्यक्रम | ० | १००० | |
| ४३ | | वडागत पुजिगत अनुदान | २२६०० | | |
| ४४ | | वडागत चालु अनुदान | ८३०० | | |
| ४५ | | स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन | ० | २०० | |
| | | **जम्मा** | **७६६००** | **१००४०** | |

**अनुसूची ३क**

| **वडागत चालु अनुदान** |
|---|
| क) वडा नं.१ रू.१४ लाख २० हजार |
| ख) वडा नं.२ रू.१४ लाख २० हजार |
| ग) वडा नं.३ रू.१३ लाख ८४ हजार |
| घ) वडा नं.४ रू.१३ लाख ६४ हजार |
| ङ) वडा नं.५ रू.१३ लाख ६४ हजार |
| च) वडा नं.६ रू.१३ लाख ८४ हजार |

**अनुसूची ३ख**

| **वडागत पुजिगत अनुदान** |
|---|
| क) वडा नं.१ रू.३७ लाख |
| ख) वडा नं.२ रू.४० लाख |
| ग) वडा नं.३ रू.३७ लाख |
| घ) वडा नं.४ रू.३७ लाख |
| ङ) वडा नं.५ रू.३७ लाख |
| च) वडा नं.६ रू.३८ लाख |

अनुसूची ४

# आ.व २०७६।०७७ को कार्यक्रम तथा बजेट विनियोजन

रू.हजारमा

| सि.नं | खर्च संकेत | शिर्षक | राजश्व बांडफाट | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संघीय | प्रदेश | |
| | | बजेट शिलि□ | ५८५०० | ४९५ | |
| चालु तर्फ(राजश्व बांडफांट) | | | | | |
| १ | २११११ | तलब कर्मचारी | १५००० | | |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ४००० | | |
| ३ | २११२१ | कर्मचारी पोशाक | ३४० | | |
| ४ | २११२३ | औषधी उपचार खर्च | २०० | | |
| ५ | २११३१ | स्थानीय भत्ता | २२०० | | |
| ६ | २११३२ | महंगी भत्ता | ८२० | | |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | १०० | | |
| ८ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ९०० | | |
| १० | २११४१ | पदाधिकारी बैठक भत्ता | ६०० | | |
| १२ | २२१११ | पानी तथा बिजुली | २०० | | |
| १३ | २२११२ | संचार महसुल | २०० | | |
| १४ | २२२११ | ईन्धन(पदाधिकारी) | २०० | | |
| १५ | २२२१२ | ईन्धन(कार्यालय प्रयोजन) | ९०० | | |
| १६ | २२२१३ | सवारी साधन मर्मत | ५०० | | |
| १७ | २२२१४ | बिमा तथा नविकरण | २०० | | |
| १८ | २२२२१ | मेशिनरी तथा औजार उपकरण | ९०० | | |
| १९ | २२२९१ | अन्य सम्पतिहरूको सम्पति मर्मत संभार | २०० | | |
| २० | २२३११ | मसलन्ध तथा कार्यालय सामाग्री | ९०० | | |
| २१ | २२३१३ | पुस्तक तथा सामाग्री | ० | | |
| २२ | २२३१४ | इन्धन (अन्य प्रयोजन) | २०० | | |
| २३ | २२३१५ | पत्रपत्रिका,छपाई तथा सुचना प्रकाशन | ४०० | | |
| २४ | २२४११ | सेवा र परामर्श | ८०० | | |
| २५ | २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन | ६०० | | |
| २८ | २२५११ | कर्मचारी तालिम खर्च | २०० | | |
| २९ | २२५१२ | सिपविकास,जनचेतना तालिम तथा गोष्ठी | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | २२५२२ | कार्यक्रम खर्च(दिवशीय कार्यक्रमहरू समेत) | | २९५ | |
| ३१ | | न्यायिक समिति सवारी साधान खरिद | ३०० | | |
| ३२ | २२६११ | अनुगमन तथा मुल्यांकन खर्च | १६०० | | |
| ३३ | २२६१२ | भ्रमण खर्च | २०० | | |
| ३४ | २२६१९ | अन्य भ्रमण खर्च (अवलोकन) | ८०० | | |
| ३५ | २२७११ | विविध खर्च | १५०० | | |
| ३६ | २२७२१ | गाउ सभा सञ्चालन खर्च | ५०० | | |
| ३८ | २७२१२ | उद्दार,राहत तथा पुनस्थापना खर्च | ३०० | | |
| ३९ | २८१४२ | घरभाडा | ४०० | | |
| ४० | २८१४३ | सवारी साधन तथा मेशीनरी औजार भाडा | २०० | | |
| **बिषयगत कार्यक्रम** | | | | | |
| ४१ | | विद्यालय शिक्षक तलव | १०००६ | | |
| ४२ | | गाउपालिका करार कर्मचारी तलब | ३२३६ | | |
| ४३ | | अ.न.मी□अहेव□ल्याव र का.स तलव | ४०१२ | | |
| ४४ | | स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन | ० | | |
| ४५ | | पशु□कृषि प्राविधिक (वडा नं.३ र ६) | ५६१ | | |
| ४६ | | कोटदेवल क्याम्पस शैक्षिक अनुदान | १००० | | |
| ४७ | | अग्रेजी माध्यमवाट कक्षा संचालन गर्ने विद्यालयहरूलाइ प्रोत्साहन अनुदान | २५७ | | |
| ४८ | | कृर्षि क्याम्पस अनुदान | १००० | | |
| ४९ | | सामाजिक परिचालक पारिश्रमिक | १५६८ | | |
| | | जनतासंग मिडिया कार्यक्रम | | २०० | |
| | | **जम्मा** | **५८५००** | **४९५** | **५८९९५** |

## अनुसूची ५

# आ.व २०७६।०७७ को कार्यक्रम तथा बजेट विनियोजन

**रू.हजारमा**

| सि.नं | खर्च संकेत | शिर्षक | आन्तरिक श्रोत | मौज्दात बजेट | कैफियत |
|---|---|---|---|---|---|
| | | **बजेट शिलि□** | **१२००** | **३५००** | |
| १४ | २२५२२ | विपन्न लक्षित वर्ग सम्बन्धी कार्यक्रम | | २००० | |
| १५ | २२५१२ | गाउपालिका स्तरिय मानवअधिकार कार्यक्रम | २०० | | |
| २७ | २५३१४ | धार्मिक सांस्कृतिक मठमन्दिर प्रवर्द्धन | ३०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | | गरिबसंग बिश्वेश्वर कार्यक्रम | ३०० | | |
| ३० | २७२१९ | शान्ति सुरक्षा तथा सुशासन कार्यक्रम | ३०० | | |
| ३६ | | एफ.एम.सञ्चालन अनुदान | | १००० | |
| **चालु तर्फ** | | | | | |
| २१ | २२३१३ | पुस्तक तथा सामाग्री | १०० | | |
| **बिषयगत कार्यक्रम** | | | | | |
| ४८ | | कृर्षि क्याम्पस अनुदान | | ५०० | |
| | | **जम्मा** | **१२००** | **३५००** | |

**अनुसूची ६**

**गाउपालिकाबाट सृजना गरिएका करार दरबन्दीहरुको तलब स्केल तथा अन्य सेवासुविधाको विवरण**

| सि.नं. | पद | तलब | दशै खर्च | पोशाक | कैफियत |
|---|---|---|---|---|---|
| **क)** | **गाउपालिका अन्तर्गत काम गर्ने कर्मचारीहरु** | | | | |
| 1 | सुचना प्रविधि अधिकृत | 35000.00 | 35000.00 | 7500.00 | |
| 2 | ईन्जिनियर | 35000.00 | 35000.00 | 7500.00 | |
| 3 | सब-ईन्जिनियर | 27000.00 | 27000.00 | 7500.00 | |
| 4 | असिस्टेन्ट सब-ईन्जिनियर | 25000.00 | 25000.00 | 7500.00 | |
| 5 | खा.पा.स.टे.(वि.) | 25000.00 | 25000.00 | 7500.00 | |
| 6 | सुपरभाईजर | 21000.00 | 21000.00 | 7500.00 | |
| 7 | कृषि/पशु ना.प्रा.स. | 21000.00 | 21000.00 | 7500.00 | |
| 8 | ल्याप असिस्टेन्ट | 21000.00 | 21000.00 | 7500.00 | |
| 9 | अ.न.मी. | 21000.00 | 21000.00 | 7500.00 | |
| 10 | अ.हे.व. | 21000.00 | 21000.00 | 7500.00 | |
| 11 | सामाजिक परिचालक | 20000.00 | 20000.00 | 7500.00 | |
| 12 | हलुका सवारी चालक | 19000.00 | 19000.00 | 7500.00 | |
| 13 | कार्यालय सहयोगी | 19000.00 | 19000.00 | 7500.00 | |
| 14 | स्वास्थ्य कार्यालय सहयोगी | 15600.00 | 15600.00 | 7500.00 | |
| 15 | स्वास्थ्य स्वीपर | 6000.00 | 6000.00 | 7500.00 | |
| **ख)** | **विभिन्न विद्यालय अन्तर्गत काम गर्ने शिक्षक,विद्यालय कर्मचारीहरु र कार्यालय सहयोगीहरु** | | | | |
| 1 | माध्यमिक शिक्षक | 36600.00 | 36600.00 | 7500.00 | |
| 2 | निम्न माध्यामिक शिक्षक | 28200.00 | 28200.00 | 7500.00 | |
| 3 | प्राथमिक शिक्षक | 20000.00 | 20000.00 | 7500.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 4 | कम्प्युटर शिक्षक | 20000.00 | 20000.00 | 7500.00 | |
| 5 | विद्यालय कर्मचारी (सरकारी) | 0 | 0 | 7500.00 | |
| 6 | बाल शिक्षिका | 7200.00 | 7200.00 | 7500.00 | |
| 7 | बाल शिक्षिका (सरकारी) | 0 | 0 | 7500.00 | |
| 8 | महिला कार्यालय सहयोगी | 9000.00 | 9000.00 | 7500.00 | |
| 9 | विद्यालय कार्यालय सहयोगी | 9000.00 | 9000.00 | 7500.00 | |
| 10 | विद्यालय कार्यालय सहयोगी(सरकारी) | 0 | 0 | 7500.00 | |

**अनुसूची ७**

# वडाहरुमा सञ्चालन हुने योजनाहरुको विवरण

| १ नं को वडागत पुँजिगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **योजना/कार्यक्रमको नाम** | **वडा नं.** | **बजेट** | **कैफियत** |
| १ | त्रिवेणी संगम मा.वि. देखी भण्डारी टोल कोलडाँडा सडक ढलान | १ | ९५०००० | |
| २ | भुमेको थान मन्दिर निर्माण | १ | ३००००० | |
| ३ | खाडा सिलाडी सडक निर्माण | १ | ५००००० | |
| ४ | धारा टोल देखी भँयरथान सडक | १ | १५०००० | |
| ५ | वल्लो ज्यामुने सिंचाइ पोखरी निर्माण | १ | १५०००० | |
| ६ | सडक सफाइ बेलपाटा | १ | ४००००० | |
| ७ | खाडा खानेपानि मुल सुधार | १ | १००००० | |
| ८ | मुखरिया डबलगैरा गोरेटो बाटो निर्माण | १ | १५०००० | |
| ९ | नर्सरी देखी मटेला खानेपानि मर्मत | १ | १००००० | |
| १० | वडार लामापैरा सडक निर्माण | १ | १००००० | |
| ११ | वेलपाटा देखी काफलसैनी सडक गत वर्षको भुक्तानि | १ | १५०००० | |
| १२ | स्वास्थ्य चौकी बेलपाटालाई फर्निचर र कम्प्युटर खरिद | १ | १५०००० | |
| १३ | राउटे कुवा ठाकुर ढिका खानेपानी मर्मत | १ | ५०००० | |
| १४ | रानाखेत पाइप सिंचाई कुलो निर्माण | १ | ५०००० | |
| १५ | वाहुन धारा देखी डाडाबारी सम्मको खानेपानि निर्माण | १ | १००००० | |
| १६ | वाहुन धारा सिंचाई पोखरी मर्मत | १ | १००००० | |
| १७ | चिसापानि माभ्रुथर कोलडाँडा खानेपानि | १ | १००००० | |
| १८ | युवा तथा खेलकुद कार्यक्रम वडा नं. १ | १ | १००००० | |
| | **जम्मा** | | **३७०००००** | |

| २ नं वडाको वडागत पुँजिगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजना/कार्यक्रमको नाम | वडा नं. | बजेट | कैफियत |
| १ | गैरी लाँकुरी देउली सडक सफाइ | २ | ५००००० | |
| २ | जनता प्रा.वि.कार्यालय व्यवस्थापन | २ | १००००० | |
| ३ | भैरव आ.वि. पैयाचौर विद्यालय व्यवस्थापन | २ | १००००० | |
| ४ | मट्केनी देखी मल्लको घट्ट सडक निर्माण | २ | ८००००० | |
| ५ | हाडेखोला गडुली गुयली सडक मर्मत | २ | ४००००० | |
| ६ | युवा तथा खेलकुद कार्यक्रम | २ | २००००० | |
| ७ | त्रिकुले दाउरेखर्क सिंचाइ पाइप | २ | ५००००० | |
| ८ | जुगिया देखी रतनगाडा सिंचाई कुलो | २ | ४००००० | |
| ९ | उम माझगाउँ खानेपानी मर्मत | २ | १००००० | |
| १० | भित्रीखोला सिंचाई पाईप कुलो | २ | १००००० | |
| ११ | भैरव आ.वि. लाँकुरी कार्यालय व्यवस्थापन | २ | १००००० | |
| १२ | २ नं. वडा भित्रका खानेपानिका लागी पाइप खरिद | २ | १००००० | |
| १३ | सुचना सम्प्रेषण | २ | १००००० | |
| १४ | वर्थिङ्ग सेन्टर मर्मत | २ | ४००००० | |
| १५ | रानिधारा सेर्माकोट मर्मत | २ | १००००० | |
| | **जम्मा** | | ४०००००० | |

| ३ नं वडाको वडागत पुँजिगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजना/कार्यक्रमको नाम | वडा नं. | बजेट | कैफियत |
| १ | मालिका मन्दिर जाने घोरेटो बाटो | ३ | २५०००० | |
| २ | वाले विद्यालय मर्मत | ३ | १००००० | |
| ३ | छाना सिंचाई कुलो निर्माण साझेदारी | ३ | १००००० | |
| ४ | रेक्चा विद्यालय धारा ट्वाईलेट निर्माण | ३ | १५०००० | |
| ५ | थालिकाँडा विद्यालय मर्मत | ३ | २००००० | |
| ६ | कासन्यामेला पोखरी निर्माण साझेदारी | ३ | १००००० | |
| ७ | सारावारी पोखरी निर्माण | ३ | १००००० | |
| ८ | ने.रा.मा.वी.हनेटा घेरावार | ३ | ८००००० | |
| ९ | भुसालडाँडा खानेपानि मर्मत | ३ | २५०००० | |
| १० | वागिना पोखरी निर्माण | ३ | २००००० | |
| ११ | रावतडाँडा पोखरी पुरानो भुक्तानि | ३ | २५०००० | |
| १२ | चिप्ले ढुङ्गा सिमलखेत सिंचाई कुलो निर्माण | ३ | २००००० | |
| १३ | भैरव मन्दिर निर्माण | ३ | १५०००० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सडक मर्मत तथा पहिरो सफाई कार्य | ३ | ५००००० | |
| १५ | शिवालय प्रँ.वि. त्रिकुले उम फिल्ड निर्माण | ३ | १५०००० | |
| १६ | बतासे घोरेटो वाटो | ३ | ५०००० | |
| १६ | रातामाटा विद्यालय ट्वाईलेट | ३ | १५०००० | |
| | **जम्मा** | | ३७००००० | |

| ४ नं वडाको वडागत पुँजिगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **योजना/कार्यक्रमको नाम** | **वडा नं.** | **बजेट** | **कैफियत** |
| १ | वडा कार्यालय तला थप | ४ | १५००००० | |
| २ | सिता मा.वि. सौचालय निर्माण | ४ | ६००००० | |
| ३ | विउराखेत सिता मा.वि. सडक सफाई | ४ | ४००००० | |
| ४ | वडाधारा सिंचाइ पोखरी निर्माण | ४ | २५०००० | |
| ५ | सातामुल पोखरी संरक्षण | ४ | ५०००० | |
| ६ | जय जनता आ.वि. फिल्ड निर्माण | ४ | १००००० | |
| ७ | पृथ्वी आधारभुत विद्यालय फिल्ड निर्माण | ४ | २००००० | |
| ८ | देवल खेल मैदान निर्माण | ४ | ६००००० | |
| | **जम्मा** | | **३७०००००** | |

| ५ नं वडाको वडागत पुँजिगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **योजना/कार्यक्रमको नाम** | **वडा नं.** | **बजेट** | **कैफियत** |
| १ | जडी सडक | ५ | १०००००० | |
| २ | सिर्सेनी पानिनाउला सडक भुक्तानि | ५ | ५००००० | |
| ३ | वडा नं. ५ का सडक सरसफाई | ५ | ४००००० | |
| ४ | औल मटेला सडक | ५ | ४००००० | |
| ५ | सुख्खा क्षेत्रमा रहेका दलित वस्तिलाई हिलट्यांक वितरण | ५ | ४००००० | |
| ६ | डाँडापराजुल पोखरिपाटा पाङ्गोट विद्युत मर्मत | ५ | ४००००० | |
| ७ | सरस्वती प्रा.वि.भित्रीखोला भवन मर्मत | ५ | २००००० | |
| ८ | ने.रा.आ.विद्यालय पाङ्गोट तारबार | ५ | २००००० | |
| ९ | नारायण प्रा.वि. पोखरीपाटा तारबार | ५ | २००००० | |
| | **जम्मा** | | **३७०००००** | |

**६ नं वडाको वडागत पुँजिगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु**

| क.सं. | योजना/कार्यक्रमको नाम | वडा नं. | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | थर्पु मोटर बाटो | ६ | ८००००० | |
| २ | सानो वइरी मोटर बाटो | ६ | ५००००० | |
| ३ | ६ नं. वडा सडक सफाई | ६ | ५००००० | |
| ४ | डुङ्गेश्वर भित्री बजार बाटो पिच | ६ | ५००००० | |
| ५ | जीवन ज्याती आ.वि फिल्ड निर्माण | ६ | ५००००० | |
| ६ | सानो वइरी भट्टटोल धारा निर्माण | ६ | ३०००० | |
| ७ | अमिली खोला खानेपानि साझेदारी | ६ | १००००० | |
| ८ | तल्लो गोठवाडा तारजाली | ६ | १००००० | |
| ९ | डुङ्गेल बाबा मन्दिर गोठवाडा | ६ | ७०००० | |
| १० | वर पिपल वालविकास निर्माण | ६ | १००००० | |
| ११ | वोहरा खेत सिंचाई पाइप | ६ | १५०००० | |
| १२ | वर पिपल जाली | ६ | १००००० | |
| १३ | सानो वइरी मष्ठाथान मर्मत | ६ | १००००० | |
| १४ | लटाली भित्री बाटो | ६ | २५०००० | |
| | **जम्मा** | | **३८००००** | |